# नेपाली कवितामा जनजातीय बिम्बको प्रयोजन

डा. धनप्रसाद सुवेदी
सहप्राध्यापक, त्रि.वि.
subedi.dhanp@gmail.com
DOI:

## सार

यस अनुसन्धानमा समकालीन नेपाली कवितामा जनजातीय बिम्बको प्रयोजनको खोजी गरिएको छ। नेपाली कवितामा जनजातीय बिम्बहरूको धेरथोर प्रयोग हुँदै आएको भए पनि पछिल्लो समयमा यसको सचेत प्रयोग हुन थालेको छ। पछिल्लो समयमा जातीय, भाषिक, सांस्कृतिक जागरण बढेको छ र नेपाली साहित्यको मूल विषय नै पहिचान बन्दै गएको छ। जनजातीय बिम्बको प्रयोग विशेषगरी राई, लिम्बु, तामाङ, नेवार, चेपाङ, शेर्पा, थारु, मगर, गुरुङ आदि जनजातिका इतिहास, संस्कृतिसँग सम्बन्धित छन्। जनजातीय बिम्बको माध्यमबाट नेपाली समाजको विविधताको प्रतिबिम्बन गरिएको। जनजातिमाथिका उत्पीडन, विभेदको चित्रण गर्दै त्यस्तो विभेदको अन्त्यको आवश्यकता औंल्याइएको पाइन्छ। त्यसरी नै नेपाली इतिहासको पुनर्लेखनको आवश्यकता औंल्याउने अनि आफ्नो जातीय इतिहास र सभ्यताप्रति गर्व गर्दै त्यसको पुनर्जागरणका लागि आह्वान गर्ने प्रयोजन देखिन्छ। नेपाली कविता परम्परामा वेद, महाभारत, रामायण, पुराण आदिका बिम्ब, प्रतीक र मिथकहरूको वर्चस्व भएको प्रति असन्तुष्टि व्यक्त गर्दै अबका कवितामा जनजातिसँग सम्बन्धित बिम्ब, प्रतीक र मिथकको प्रयोग गर्नुपर्छ भन्ने आग्रहवश पनि जनजातीय बिम्बहरूको प्रयोग गरिएको पाइन्छ। यसका साथै जनजातिहरूका लागि अलग्गै सौन्दर्यशास्त्रको प्रस्तावका रूपमा पनि जनजातीय बिम्बको प्रयोग गरिएको देखिन्छ। जनजातीय बिम्बको प्रयोगबाट समकालीन नेपाली कविताका साथै समग्र नेपाली साहित्यको धरातल फराकिलो बनेको छ।

## शब्दकुञ्जी

उत्पीडनबाट मुक्ति, सौन्दर्य शास्त्र, प्रतिबिम्बन, इतिहासको पुनर्लेखन

## परिचय

नेपाल बहुजातीय, बहुभाषिकता, बहुसांस्कृतिक-बहुधार्मिक तथा भौगोलिक विविधता भएको देश हो। पछिल्लो तथ्याङ्कअनुसार नेपालमा करिब १२४ भाषा रहेका छन्। आदिवासी जातजातिमा ५९वटा जनजातिहरू सूचीकृत छन्। पछिल्लो समयमा नेपालमा जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक आदिका अधिकार र पहिचानको विषय सशक्त रूपमा उठ्दै आएको छ। यसको प्रभाव साहित्यमा पनि परेको छ । नेपाली साहित्यका कविता, कथा, कविता, निबन्ध जस्ता विधाहरूमा जनजातिका विषय सशक्त रूपमा अभिव्यञ्जित हुँदै आएका छन्। त्यसमा पनि समकालीन नेपाली कवितामा जनजातीय विषयलाई महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ। त्यसैले समकालीन नेपाली कवितामा जनजातीय बिम्बहरूको प्रयोग कुन प्रयोजनका लागि हुने गरेको छ भन्ने विषयको अधयनन गर्न आवश्यक देखिएकाले यस लेखमा यसैलाई उद्देश्य बनाइएको छ । प्रस्तुत लेखमा वि. सं. २०६३ देखि २०७५ सम्मको प्रकाशित पुस्तकाकार कृतिमा समेटिएका जनजातिसम्बद्ध नेपाली भाषामा लेखिएका कविताबाट प्रतिनिधिमूलक रूपमा बिम्बको विश्लेषण गरी तिनको प्रयोजन पहिल्याइएको छ।

## सामग्री सङ्कलन विधि

यस शोधकार्यमा आवश्यक पर्ने अध्ययन सामग्री पुस्तकालयीय अध्ययनबाट लिइने छ। यसमा जनजातीय बिम्बको प्रयोग भएको कविताहरूलाई प्राथमिक सामग्रीका रूपमा लिएको छ। ती कविताको बिम्बका बारेमा भएका पूर्व अध्ययन, विश्लेषणलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ।

## शोधको सैद्धान्तिक ढाँचा र शोधविधि

कवितामा बिम्बको प्रयोगसम्बन्धी सैद्धान्तिक अवधारणा निगमनात्मक विधिका आधारमा पूर्व स्थापित सिद्धान्तलाई आधार मानिएको छ । जनजाति र तिनका संस्कृति, इतिहास, खानपान आदिका बारेमा स्थापित मान्यतालाई आधार मानिएको छ । समकालीन नेपाली कविताबाट यस शोधका लागि सङ्कलित सामग्रीलाई आवश्यकताअनुसार वर्गीकरण र विश्लेषण गरिएको छ । आवश्यकताअनुसार व्याख्या, तुलना आदि विधिको प्रयोग गरी निष्कर्ष प्रस्तुत गरिएको छ । उही प्रकृतिको बिम्बहरूको अलग अलग विश्लेषण नगरी प्रतिनिधिमूलक रुपमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## आदिवासी जनजाति

'जनजाति'लाई बुझ्ने बुझाउने विषयमा मत मतान्तर देखिन्छ । रेग्मी (२०६६, पृ.४१-४२) का अनुसार जातिको रूपमा विकसित नभइसकेका जातीय समुदाय नै जनजाति हो । यो कविला समाजबाट विकसित भएको तर पिछडिएको अवस्थामा रहेको समूह हो । उनका अनुसार परिवार, गोत्र र नातेदाहरू मिलेर बनेको आदि युगको सामाजिक संरचना 'कविला' हो । विकासको प्रारम्भिक चरणमा आमाबाट वंशको पहिचान हुन्थ्यो । पछि पुरुषहरू अगाडि आउन थाले । श्रम र सामाजिक दुवै क्षेत्रमा पुरुष अगाडि आउन थालेपछि मातृसत्ता समाप्त भयो र पितृसत्ता स्थापित भयो । त्यसपछि बाबुबाट वंशको पहिचान हुन थाल्यो । त्यसपछि गणजातिको उदय भयो । यस्ता गणजाति पनि बढ्दै र छुट्टिँदै गए । यही सिलसिलामा सगोत्री गणजातिहरूको सम्मेलनबाट जनजातिहरूको उत्पत्ति भयो (आफानास्येम, २०६२, पृ. २१०-२०२) । नेपालमा २०५३ सालमा सरकारद्वारा गठित जनजाति उत्थान प्रतिष्ठानद्वारा बनाइएको कार्यदलले हिन्दु व्यवस्थाभित्र नपर्ने, आफ्नो छुट्टै सांस्कृतिक पहिचान भएको, आफ्नो छुट्टै लिखित वा अलिखित इतिहास भएको, छुट्टै परम्परागत भाषा, धर्म र रितिरिवाज भएको, समानतामा आधारित संरचना भएको, आफ्नो परम्परागत भौगोलिक क्षेत्र भएको, नेपालको राजनीति र राज्य सञ्चालनमा भूमिका नदिइएको आदिवासी वा मूलवासीलाई जनजाति हो भनिएको पाइन्छ (तामाङ, २०६२, पृ. ९३) । नेपालमा जनजातिको परिहभाषा र पहिचानका लागि गठित जनजाति उत्थान प्रतिष्ठान कार्यदलले जनजातिका निम्नलिखित विशेषता उल्लेख गरेको छः

(क) हिन्दु वर्णाश्रम व्यवस्थाभित्र नपर्ने,

(ख) आफ्नो छुट्टै सामुहिक सांस्कृतिक पहिचान भएको,

(ग) आफ्नो छुट्टै लिखित वा अलिखित इतिहास भएको,

(घ) छुट्टै परम्परागत भाषा, धर्म र रितिरिवाज भएको,

(ङ) समानतामा आधारित सामाजिक संरचना भएको,

(च) आफ्नो परम्परागत भौगोलिक क्षेत्र भएको,

(छ) आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनमा भूमिका नदिइएको,

(ज) नेपालको आदिवासी वा मूलवासी (तामाङ, २०६२, पृ. ९३) ।

जनजातिलाई चिनाउने विषयमा यस्ता मतभेद भए पनि यस अध्ययनमा नेपाल सरकारद्वारा जनजातिका नाममा सूचीकृत गरिएका जातिलाई नेपालका जनजाति मानिएको छ ।

## जनजातीय बिम्ब

कविता पद्यलय अथवा विशिष्ट लयमा कथ्यको अभिव्यक्ति गर्ने भाषिक संरचना हो (शर्मा, २०५५, पृ. १८) कविता साहित्यको लय विधा हो । कवितामा लयात्मक रूपमा कुनै भाव वा विचारको अभिव्यक्ति हुन्छ । कविता बन्नको लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । कविताका तत्त्वहरूलाई शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य वा भावविधान, बिम्बविधान, व्यञ्जना, विधागत स्वरूप तथा आयाम गरी वर्गीकरण गरिएको पाइन्छ (त्रिपाठी र अन्य, २०६०, पृ. १७) । यसरी हेर्दा बिम्ब कविताको एउटा तत्त्वका रूपमा रहेको देखिन्छ ।

'बिम्ब' शब्दको शाब्दिक अर्थ 'छाया' हो । अङ्ग्रेजीमा बिम्बलाई 'इमेज' (Image) भनिन्छ ।साहित्यका सन्दर्भमा भने बिम्बको विशिष्ट अर्थ छ । सर्जकका मानसपटलमा रहेको मानसिक तस्बिरलाई देखाउने चित्रात्मक भाषालाई साहित्यका सन्दर्भमा बिम्ब भनिन्छ (गौतम, २०६८, पृ. १) । यसरी साहित्यमा सन्दर्भमा बिम्ब भनेको साहित्यिक रचनामा रहेको मानसिक चित्र हो भन्ने बुझिन्छ । बिम्बलाई चित्रका रूपमा बुझ्दा यो खालि आँखाबाट देखिने आकृति मात्रै चाहिँ होइन बरु आँखा, नाक, कान आदि इन्द्रियद्वारा ग्रहण गरिने मूर्त भाषिक युक्ति हो । सामान्य वर्णनात्मक भाषाबाट पनि बिम्ब निर्मित हुन्छ । तर रूपक, उपमा, उत्प्रेक्षा, मानवीकरण आदि आलाङकारिकतालाई उपयोग गरिएको बिम्ब अझ प्रभावकारी हुन्छ (एटम, २०७४, पृ. १७२) । मुख्यतः बिम्बलाई इन्द्रियगत संवेदनाका आधारमा वर्गीकरण गरिएको पाइन्छ । दृश्यसम्बन्धी, घ्राणसम्बन्धी, स्पर्शसम्बन्धी, स्वादसम्बन्धी र श्रवणसम्बन्धी गरी पाँच प्रकारले बिम्बविधान गरिन्छ भने गतिसम्बन्धी, उष्मासम्बन्धी, आत्मचेतनासम्बन्धी र अन्य प्रकारमा पनि बिम्बको वर्गीकरण गर्न सकिन्छ । आद्यबिम्ब र कतिपय मिथकहरूले पनि जातीय अवचेतनलाई प्रतिबिम्बित गर्ने हुँदा तिनको सुनिश्चित पुनरावृत्तिबाट पनि कृतिमा बिम्बविधान भएको पाइन्छ (एटम, २०७४, पृ. १७३) । यस आधारमा हेर्दा बिम्बमा जातीय मिथक, संस्कृति, इतिहास जस्ता विषयको पनि प्रतिबिम्बन हुने गर्छ ।

बिम्बविधान कविताको सजावटी आभूषण मात्र नभएर आधारभूत एवं मुख्य विचारहरू बोध गराउने साधन पनि हो । कविका मुख्य भाव विचारहरू बिम्बविधानकै माध्यमबाट अभिव्यक्त हुन्छन् । त्यसैले कविताको अध्ययन गर्दा अन्य पक्षका साथै बिम्बविधानको तार्किक प्रयोग पनि हेर्न आवश्यक हुन्छ । बिम्बका माध्यमबाट कविले आफ्ना विचारहरू अभिव्यक्त गरेको हुन्छ । जीवनका विविध क्षेत्रसँग सम्बद्ध वस्तु वा विचारसँग साहचर्य गरेर कवितामा बिम्बहरूको प्रयोग गरिएको हुन्छ (लुइटेल, २०६२, पृ.२६४) । कवितामा आउने त्यस्ता बिम्बहरू जीवन जगतका विभिन्न स्रोतबाट लिने गरिन्छ । त्यस्ता बिम्बहरू समाज, संस्कृति, प्रकृति, धर्मग्रन्थ, लोकसाहित्य, इतिहास आदिबाट लिने गरिन्छ ।

बिम्बलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । बिम्बका अनेक भेदमध्ये मुख्य गरेर संवेदनात्मक, श्रव्य, रूप वा चाक्षुष, रस, स्पर्श, समसामयिक र यथार्थ, पारदर्शी, प्रतीकात्मक, यौन, छायात्मक, लोक, मिथकीय, पौराणिक, वैदिक, तान्त्रिक, ब्रह्माण्ड, आद्भुतिक, प्राकृतिक, ऐतिहासिक, स्मृति, शिशु, घनात्मक, ग्राम्य, सांस्कृतिक, स्वप्न, आलाङ्कारिक, व्याकरणिक, विज्ञान, क्रान्ति, प्रणय, निजात्मक आदि अनेक मुख्य छन् (गौतम, २०६८, पृ. २०-३१) । यस्ता अनेक बिम्बमध्ये समसामयिक र यथार्थ बिम्ब, लोकबिम्ब, मिथकीय बिम्ब, ग्राम्यबिम्ब, सांस्कृतिक बिम्ब जनजातीय बिम्बका नजिक देखिन्छन् । कवितामा कविले आफ्नो विचार बिम्बमार्फत प्रस्तुत गर्ने भएकाले उसले आफ्नो सजिलाका लागि अनुकूल बिम्बको प्रयोग गर्छ । नेपाली कवितामा विशेषतः संस्कृत साहित्यका प्रभावमा रामायण, महाभारत, पुराणहरूका साथै हिन्दु संस्कृति, नेपाली इतिहास र केही मात्रामा विश्व साहित्य, विश्व इतिहासका बिम्बहरूको प्रयोग हुने गरेको छ । यही शृङ्खलामा जनजातीय बिम्बको पनि प्रयोग भएको पाइन्छ । हरेक सिर्जनाको प्योजन हुन्छ । त्यसैले 'जनजातीय बिम्ब÷ को प्रयोगको पनि प्रयोजन हुन्छ । त्यसैले यहाँ समकालीन नेपाली कवितामा जनजातीय बिम्बको प्रयोगको प्रयोजन खोजिएको छ ।

## प्रयोजन

नेपाली कवितामा जनाजतीय बिम्बको प्रयोगका खास केही प्रयोजनहरू छन्। जनजातीय बिम्बको प्रयोग कुन प्रयोजनका लागि गरिएको हो भन्ने कुरा कतिपय कविहरूले कृतिको भूमिकामा उल्लेख गरेका छन्। त्यस्तै कविताको भावबाट पनि त्यसको प्रयोजन पहिचान गर्न सकिन्छ। यिनै साक्ष्यहरूका आधारमा यहाँ जनजातीय बिम्बको प्रयोगको प्रयोजन पहिचान गरिएको छ।

## यथार्थको प्रतिबिम्बन

जनजातीय बिम्बको प्रयोगको मुख्य प्रयोजन यथार्थको प्रतिबिम्बन रहेको पाइन्छ । जनजातीय बिम्बको प्रयोग गर्ने सबैजसो अधिकांश कविका कवितामा यो प्रवृत्ति पाइन्छ । यसका केही साक्ष्यहरू यहाँ प्रस्तुत गरिएको छ:

जनजातीय बिम्बको प्रयोगको मुख्य प्रयोजन जातीय उत्पीडनको यथार्थको चित्रण गर्ने समकालीन कविमा भूपाल राईको नाम विशेष रूपमा देखिन्छ। उनका सुम्निमाको तस्बिर (२०५३), दाजै कविता गाउँमै छ (२०५७), पैलो हरफ शिरबन्दी (२०५९), सीमान्त सौन्दर्य (२०६७), आगोले जन्मोत्सव मनाउँदैन (सन् २०१५) जस्ता कविता कृति प्रकाशित छन्। ती सबै कृतिमा नेपालका जनजाति तथा उत्पीडित अवस्था, संस्कृति, इतिहास, पहिचान र अधिकारको विषय सशक्त बिम्ब मार्फत प्रस्तुत भएको पाइन्छ।

शोषित तथा सीमान्त वर्गका मानिसले भोगेको यथार्थ देखाउन उनीहरूकै बिम्बको प्रयोग गर्नुपर्छ भन्ने आशयबाट कवि भूपाल राईबाट जनजातीय बिम्बको प्रयोग गरिएको पाइन्छ। उनको 'सीमान्त सौन्दर्य' (२०६७) कविता सङ्ग्रहमा समाविष्ट अधिकांश कविता सीमान्त वर्गप्रति विशेष केन्द्रित छन्। उत्पीडनमा परेका जाति, क्षेत्र र वर्गप्रति चासोका लागि यसमा जनजातीय बिम्बको प्रयोग गरिएको पाइन्छ। यस सङ्ग्रहका कवितामा नेपालका मात्रै नभएर विश्वभरका सीमान्तकृत तथा उत्पीडित वर्गको उत्पीडनप्रति चासो लिइएको पाइन्छ। अमेरिकाद्वारा जबरजस्ती दमन गरिएका इराकी जनताको विषयदेखि अमेरिकाका आदिवासीमाथिको उत्पीडनका विषय पनि यसमा समावेश भएका छन्। नेपालका आदिवासी जनजातिहरूका साथै घाटमा मुर्दा पोल्ने घाटेहरूका पीडा पनि यसमा व्यक्त गरिएका छन् । उनी लेख्छन् :

अनपेक्षित
विरुद्धहरूमा अर्को लोपोन्मुख धार
सुँगरको आलो रगतमा
मुछेर से ... ता अक्षता
पञ्जा हत्केलासहितको
डामेर घरको भित्ता
दसैं नखाने रामलिहाङ
छाम्दै नीलडाम-डामनीलहरू
पेनाल्टी बाँचिरहेछ
आज पनि पूर्वको सुदूर ढाड (मांसाहारी कविता, पृ. २४-२५) ।

वीरेन्द्र राईको सादङ्गी फूल (२०६७) कविता सङ्ग्रहमा सङ्गृहीत 'राजेन राईले पोलेको सेकुवा' कविताको एउटा अंश यस्तो छ :

हातमा डिग्रीको सर्टिफिकेट छ
अनुहारमा नमिलेको
थेप्चे नाक छ
यसर्थ ऊ
राज्यबाट तिरस्कृत छ,

त्यसैले ऊ
सेकुवा पोल्छ ।
राजेन राई
राई नभएर भट्टराई भएको भए
देशै पोल्थ्यो
तर राई भएकैले ऊ
देश पोल्नबाट जोगिएको छ (पृ. ४५) यस कविताले जनजातिहरू इमानदार छन् र राज्यबाट तिरस्कृत छन् भन्ने यथार्थको चित्रणका लागि जनजातीय बिम्ब सिर्जना गरेको छ।

कवि राबतको राजधानी मास्तिरको राजधानी (२०७०) मा तामाङ जनजातिको ऐतिहासिक, सामाजिक, सांस्कृतिक बिम्बको सशक्त प्रयोग भएको छ । सङ्ग्रहभित्र समेटिएको मूल शीर्षक 'राजधानी मास्तिरको राजधानी÷ को एउटा कवितांश यस्तो छ:

ओई, डोल्मा !
अझ काफलको रुखमा चढेर हेर् त !
तेरो ढुङ्ग्री जत्रै देखिन्छ, ऊ त्यो राजधानी
जसको सुरक्षार्थ खटिएझैं
वरिपरि डाँडामा उभिएका हामीहरू
चौकीदार सिवाय केही देखिएनौं त्यहाँबाट
भरिया सिवाय केही देखिएनौं त्यहाँबाट
दास सिवाय केही देखिएनौं त्यहाँबाट (पृ. ६२) ।

नेपालको केन्द्रीय राजधानी काठमाडौंको वरपर आफ्नो स्वपहिचान र अधिकारसहित बसेको तामाङ जाति इतिहासको कुनै कालखण्डमा काठमाडौंको शासकको कोपभाजनमा पर्‍यो र आफैले आवाद गरेको भूमिमा नोकर भएर रहन विवश भयो भन्ने सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ ।

उपेन्द्र सुब्बाको खोलाको गीत र पुराना कविताहरू (२०७०) कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा जनजातिका मिथक, इतिहास, संस्कृतिसँग सम्बन्धित बिम्बको प्रयोग भएको छ । अर्जुन खालिङको गोयाङको सुगन्ध (२०७१) संग्रहका कवितामा जनजातीय बिम्बको प्रयोग गरिएको छ । गोयाङको अर्थ किनिमा हो 'दुःख' शीर्षकको कविता उनी लेख्छन्:

बिजमफुल त
बिम्ब मात्रै हा यो देशको
असङ्ख्य बिजमफुलहरू
जिइरहेछन् गौंथली जिन्दगी (पृ. ३४) ।

यहाँ बिजमफुल एक जना गरिब जनजाति पात्र हो । उसका माध्यमबाट यसमा जनजाति समुदायमा मानिसको विवशता चित्रण गर्दै उनीहरूको जीवनलाई गौंथलीको जीवनसँग तुलना गरिएको छ ।

बिन्दु शर्माको ओक्कल दोक्कल पिपल पात (२०७५) कविता सङ्ग्रहमा समाविष्ट कवितामा गुरै, चैनार, अटवारी, राजा दङ्गीशरण, भिवाँ, दङ्गीशरण राजाको दरबारको माटोको थुप्रो, लघा, अस्टिम्की, बुदी, झुल्ला, गतैया, भौका, बुकु, गब्दा, गन्यारी, गोचाली, लालकिरनी, ठकुन्र्या, बडकीमारा, सखिर, अधुन, भुई, गैंजा, पठलरी, माघी, ढिक्री, निस्राउ, गोही, साहदिन, झ्यार, बग्गे जस्ता थारु बिम्बहरूको प्रयोग थारु जातिको सांस्कृतिक यथार्थको प्रतिबिम्बनका लगि गरिएको देखिन्छ ।

भूपाल राईको **सेवान्ने जिन्दगी** (२०७६) गीत सङ्ग्रहमा सङ्गृहीत गीतमा समाविष्ट गीतहरूमा प्रयोग भएका मुन्दुम, डम्फु, ताम्सालिङ, ढोल झ्याम्टा, मैच्याङ, सिम्मा, नाना, एलम्बर, एलाखोम, हतुवा, चौदण्डी, चोमोलुङमा, सेवान्ने, उँधौली, सुम्निमा,

पारुहाङ, तायामा, माङ, तायाजोङ, नौलाख किराती, तमु, मगराती, ताम्सालिङ, शेर्पा, थरुहट, नेवा मण्डल, साकेला, सेवारो, बक्खु, खुवालुङ, सोरठी, हाकपारे, पालम, रोधी घर, माघी मेला, घाटु, धिमे बाजा, स्याब्रु, लिम्चिमबुङ, हेच्छाकुप्पा, सिली, ताम्बा नायक जस्ता जनजातीय बिम्बको प्रयोग जनजातीय संस्कृति तथा नेपाली समाजको यथार्थको अङ्कनको प्रयोजनका लागि प्रयोग भएको देखिन्छ ।

यसरी जनजातीय बिम्बहरूको प्रयोगको मुख्य प्रयोजन नेपाली समाजमा जनजातिहरूको अवस्थाको यथार्थको प्रतिबिम्बन हो । जनजाति समाजमा रहेका संस्कृति, परम्परा, विश्वास, उनीहरूको ऐतिहासिकता, उनीहरूमाथि भएका उत्पीडन आदिको यथार्थ प्रस्तुत गर्ने उद्देश्यबाट यस्ता बिम्बहरूको प्रयोग हुने गेको पाइन्छ ।

## जातीय उत्पीडनबाट मुक्ति

जनजातीय बिम्बको प्रयोगको अर्को प्रयोजन जातीय उत्पीडनबाट मुक्तिका लागि आवाज उठाउनु पनि रहेको देखिन्छ । जनजातीय बिम्बको प्रयोग गर्ने अधिकांश कविका कवितामा यो प्रवृत्ति पाइन्छ । यसका केही साक्ष्यहरू यहाँ प्रस्तुत गरिएको छ :

कवि भूपाल राईको 'सीमान्त सौन्दर्य' (२०६७) कविता सङग्रहमा समाविष्ट कविताहरूमा जनजातिहरूको गुमेको अधिकार फर्काउनुपर्छ भन्ने भाव व्यक्त भएको छ । आजसम्म जनजातिहरू पीडित भए, शासित भए, अब शासक बन्न चाहन्छन् भन्ने कविको अभिमत देखिन्छ । उनी अहिलेको अवस्थालाई उल्टयाएर यहाँका उत्पीडितलाई शासक बनाउन चाहन्छन् । 'वृत्तान्त कक्टेल वार्ता' शीर्षक कवितामा उनी लेख्छन् :

अब तपाईंलाई जुत्ता बनाउँछु
जुत्ता भएर सेवा गर्ने
अब तपाईंको काम (पृ. १८)

उनको आगोले जन्मोत्सव मनाउँदैन (सन् २०१५) सङ्ग्रहमा सङ्गृहीत 'क्षेत्री क्ष' शीर्षक कविता उनी लेख्छन्:

न उतिखेर
न अहिले
कसले सोधेको छ
किन हुन सकेन किरातीको 'क'
किन गाईजस्तो 'ग' को सट्टामा
हुन सकेन गुरुङ 'ग'
किन हुन सकेन तामाङ 'त'
थारु 'थ'
मगर 'म'
राउटे 'र'
सेर्पा 'स'
किन ?(पृ. १२) ।

नेपाली वर्णमालामा रहेको 'क्ष' वर्ण, त्यसलाई सम्बोधन गरिने 'क्षत्री क्ष' अनि त्यसलाई चिनाउनका लागि प्रस्तुत गरिएको जुँगा मुठ्ठे शरीर र हातमा तरबार बोकेको क्षत्रीको तस्बिरका सन्दर्भबाट यस कवितामा जनजाति समुदायमाथि राज्यसत्ता र बौद्धिक सत्ताले गर्ने विभेदप्रति व्यङ्ग्य गरिएको छ । 'क्षत्री क्ष' हुने तर किराती क, गुरुङ ग, तामाङ त, थारु थ, मगर म, राउटे र, सेर्पा स आदि चाहिँ किन नहुने भन्ने प्रश्न गर्दै यसमा जनजातिमाथिको विभेदप्रति विरोध र व्यङ्ग्य गरिएको छ ।

कवि केशव सिलवालका कवितामा पनि जनजातीय बिम्बको प्रयोग गर्दै जनजाति विरुद्धका विभेदको चित्रण पाइन्छ । उनको 'धारिला मानिसहरू' (२०६६) शीर्षक कविता सङ्ग्रहमा समाविष्ट 'ङा चेपाङ' अर्थात् 'म चेपाङ' शीर्षकको कवितामा चेपाङ जातिका माध्यमबाट नेपालका अल्पसङ्ख्यक तथा उत्पीडित जनजातिका आवाजलाई अगाडि सारिएको छ, जस्तै :

के पो नयाँ छ र मसँग ?
मनाउन सक्तिनँ म छोनाम
मनाउँदिनँ सङ्क्रान्ति पनि
न म मान्छु अब यो कुलदेवता
......गर्दिनँ भूमिपूजा पनि
जुन तिमीले लुटेका छौ  (सिलवाल, २०६६, पृ. ३) ।

जङ्गलमा गिट्ठा भ्याकुर टिप्दै जीवन गुजारा गर्ने उनीहरूले आफ्नो सामान्य चाडपर्व र पूजाआजा समेत गर्न सकेका छैनन् । कुल देवताको पूजा, छोनाम, सङ्क्रान्ति, भूमिपूजा जस्ता सीमित चाडपर्व मनाउन  समेत उनीहरूलाई धौ धौ छ । सिकार खेलेर जीविकोपार्जन गर्ने यो जाति जङ्गल मासिएकाले वा सिकार खेल्न नपाउने नियमका कारणले सिकार खेल्नबाट पनि वञ्चित छ । तर कवि उत्पीडनका विरुद्ध चेपाङहरू जागरुक भएको देख्छन्:

लगाई दिउँला म आफ्ना छोराछोरीलाई पनि
स्याउलाकै लुगा
तर, मेरो छालाको
दौरासुरुवाल लगाउने अधिकार
कसैलाई छैन
...
थाहा पाउनू
गिट्ठा टिप्ने हातले ग्रिनेट टिप्न सक्छ । (सिलवाल, २०६६, पृ. २) ।

शासकहरू चेपाङ जस्ता उत्पीडित जातिहरूलाई भर्याङ बनाएर सत्तामा पुग्छन् । सत्तामा पुगेपछि उनीहरूको ती जनता बिर्सन्छन् । उहिलेदेखि शासकहरूले यसरी शासन गर्दै आए । तर अब चेतना आएको छ । उत्पीडित जनताहरूले शासकहरूलाई मन पराउन छाडेका छन् । अब उनीहरू पनि विद्रोह गर्न सक्छन् भन्ने यस कविताको आशय हो ।

नेपालमा जनजाति, दलितहरू उपेक्षित छन् र साहित्यिक क्षेत्रमा समेत जनजातिका नाममाथि विभेद गरिन्छ । तर अब चेतना आइसकेको छ । उत्पीडित जातिहरू आफ्नो पहिचान र अधिकारप्रति सचेत छन् । करङको हिरासत (२०७१) नामक कविता कृतिभित्रको 'नामको राजनीति' शीर्षक कवितामा कवि हाङयुङ अज्ञात (२०७१) लेख्छन्:

त्यसो र अब निर्धक्क भन्न सक्छौ
झ्याँक्ने लिम्बू किराती आदिवासी जनजाति
दमित, दलित, असभ्य, पिछडिएको मतवाली
साला हाङयुङ अज्ञात मूला हाङयुङ अज्ञात
तर थाहा छ ?
मेरो नाम एउटा टाइम बम पनि त हो । (पृ. ३१)

अज्ञातको प्रस्तुत कवितांशमा नेपाली समाजमा जनजातिहरूप्रति रहेको विभेद, उत्पीडन र उत्पीडित जातिमा जन्मिँदै गरेको विद्रोही चेतनाको बिम्ब उतारिएको छ ।

अर्जुन खालिङको गोयाङको सुगन्ध (२०७१) संग्रहका कवितामा जनजातीय पहिचान र अधिकारका लागि जनजातीय बिम्बको प्रयोग गरिएको देखिन्छ । 'खेती÷ शीर्षक कवितामा साकेलामा माग्ने गरेको 'अन्नबाली सप्रियोस् ' भन्ने वरलाई राजनीति सप्रियोस् भनेर माग्नुपर्छ भनिएको छ । 'चिन्डो चिन्तन' शीर्षक कवितामा किराती पुर्खा खाक्चलपालाई मुक्तिकामी योद्धाका रूपमा प्रस्तुत गर्दै सहर पसेका किराती युवाहरू आफ्नो पहिचान र अधिकारका लागि लडिरहेका छन् भन्ने भाव व्यक्त गरिएको छ । 'समय'सिली' शीर्षकको कवितामा आफ्नो पहिचान र अधिकारका लागि नयाँ ढङ्गले बढ्न आवश्यक छ भनिएको छ ।

मुक्तान थेवाको अखण्ड आलाप (२०७५) कविता सङ्ग्रहका कवितामा नेपालमा वि.सं. २०५२-०६२ को दशकमा भएको माओवादी जनयुद्धको पृष्ठभूमि अनि त्यसले स्थापना गरेका मूल्य, मान्यता र विचारमा आएको ह्रास र राजनीतिक नेतृत्वमा आएको विचलन आदिका विषयवस्तु पाइन्छ । यसका साथै यसमा नेपालका आदिवासी जनजाति र उत्पीडत जातिका समस्या, पहिचान आदिको विषय पनि सशक्त रूपमा प्रतिबिम्बन भएको छ । उनका कवितामा विशेषतः तामाङ र शेर्पा जातिका ऐतिहासिक, सामाजिक, सांस्कृतिक बिम्बहरूको प्रयोग पाइन्छ । 'डोल्मा नहाँसे त' शीर्षक कवितामा कवि लेख्छन्:

ढाकर सग्लै चोमोलोङ्मा खाँदेर
घरी तेङबोचे भीर
घरी स्याङबोचे थुम्को
घरी गोकियो री
घरी आमादाब्लामको काँध
चढिरहन्छे डोल्मा (पृ.१९) ।

प्रस्तुत कवितामा नेपालका हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा, तामाङ जनजातिको जीवनको सिङ्गो चित्र प्रतिबिम्बित छ । हिमालसँग जीवन जोडिएकाहरू कठिन परिश्रम गरेर जीवन गुजारा गर्न बाध्य छन् र त्यही कठिनतासँग सम्झौता गरेर मात्रै उनीहरूको जीवन चल्ने भएकाले उनीहरूले दुःखमा पनि हाँस्न सिकेका छन् । चोमोलोङ्मा अर्थात् सगरमाथाको सौन्दर्य पनि त्यहाँका जनजातिको खुसीमा निर्भर छ भन्ने भाव यहाँ प्रकट भएको छ ।

निभा शाहको मनसरा (२०७२) कविता कृतिमा जनजाति, दलित, महिलाका समस्या र उत्पीडनका विरुद्ध विद्रोहको आवश्कतामा जोड दिइएको पाइन्छ । 'सखिया नाच' शीर्षक कवितामा उनी लेख्छिन् :

थारुहरूको सखिया नाचमा
'सखिया हो राम
लदिया मे ढिङ्गुल ढिङ्गुल पानी'
गाउन छोडेर
'सखिया हो राम
लदिया मे ललका ललका'
गाउन बाँकी छ ।
अझै मालिकहरूले
दास विद्रोहको ज्वाला देख्नै बाँकी छ (पृ. ७४) ।

तराईका थारुहरूले अधिकारका लागि विद्रोह सुरु गरेको पृष्ठभूमिमा लेखिएको यस कवितामा शासक वा उत्पीडकहरूलाई अझै चेतावनी दिनुपर्ने आग्रह गरिएको छ । थारु जातिको प्रसिद्ध नाच सखियामा पाइने गीतको अंश नदीमा धमिलो धमिलो पानीका सट्टा नदीमा रातो रातो पानी वा क्रान्ति बिम्बको आवश्कता बोध गरिएको यस कवितामा थारु जातीय अधिकारको पक्षपोषण गरिएको छ । यसै सङ्ग्रहमा रहेको आइते तामाङ शीर्षक कवितामा तामाङ जातिको अधिकारको पक्ष पोषण गरिएको छ ।

## जाति, भाषा, संस्कृति, सभ्यताप्रतिको गौरव

समकालीन कविहरू आफ्ना जाति, भाषा, संस्कृति, सभ्यताका बिम्बहरूको प्रयोगलाई जोड दिएका छन् । खासगरी किराती कविहरू यसमा सक्रिय देखिन्छन् । किराती कविहरूका कवितामा थुथुरी वेद, मुन्दुम, वाबु, वासो, तीनचुला, डामुरी, साकेला, निनामा, हैखामा, हुर्छुम, खुरुम्बी, बोसेपाठा, हेत्छाकुप्पा, तायामा, खियामा, मोपा, भुङ्लिमा, यारी, सिह्याँ, आराखा, चार्मा, वासुम, छुपालुङ, कुप्लिमा, कुपामा, सोभामाची, लासिखा, वाकुर्मा, बुछालु, नाना, वामा, हाप्पा, कोकु, नछुङ, छाबुतो सांस्कृतिक, ऐतिहासिक बिम्बहरूको प्रयोग भएको पाइन्छ ।

भूपाल राईको 'सीमान्त सौन्दर्य' (२०६७) कविता सङग्रहमा समाविष्ट अधिकांश कवितामा प्राचीन किरात सभ्यताको स्मरण गरिएको छ । नेपालका प्राचीन सभ्यताहरूमध्येको एउटा सभ्यता किरात सभ्यता हो भन्ने विषयलाई यस कृतिले विशेष महत्त्वका साथ उठाएको छ । हिमालय पर्वत शृखलाको दक्षिणतर्फ नौलाख किरातहरू रहन्थे र विश्वको सर्वोच्च शिखर सगरमाथा तिनै किराती सभ्यताको छानो थियो भन्ने कविको जिकिर छ । 'हिमाल र नौलाख पुत्रको सभ्यता' शीर्षक कवितामा उनी लेख्छन् :

एउटै हिमाल
तर कहिल्यै कसैले
एकपटक पनि चोमोलुङमा चढेनन्
धनुकाणको त्यो आदिम झन्डा
कसैले पनि गाडेनन्
हिमाल र त्यो नौलाख पत्रको सभ्यतालाई
कसैले बुझ्नै चाहेनन् ( पृ. १०३) ।

किरात भाषामा सगरमाथालाई 'चोमोलुङमा' भनिन्छ र त्यो नाम 'माउन्ट एभरेस्ट' र 'सगरमाथा' नामकरण हुनुभन्दा सयौंवर्ष पुरानो हो । यस्तो प्राचीन नाम हुँदाहुँदै नयाँ नाम दिनु र नौलाख किरातीको प्राचीन सभ्यतालाई गमनाम पार्नु बेठिक थियो भन्ने कविको धारणा देखिन्छ । कवि आफ्ना कवितामार्फत किरातीसभ्यताको पुनर्जागरण चाहन्छन् ।

इन्द्र नारथुङेको सिम्माको नाममा नयाँ चिट्ठी (सन् २०१०) कविता सङ्ग्रहका कवितामा पनि आफ्नो जाति तथा संस्कृतिप्रति गौरव गरिएको पाइन्छ । उनी लेख्छन् :

आमाले सुनाउने मूल खाँबोको कथा
नक्छुङले फलाक्ने मुन्धुमहरू
थिबिया चरीले बोहोरीको रुखमा बसेर कराउने
विरही स्वर
मेरो शब्दभित्र पक्कै हुने छैनन्
विश्वास गर सिम्मा
मेरो गीत तुवाँलो हटेको निमाम्मा जस्तै
सागर पोतिएको हुनेछ ( पृ. २९)

यसमा रहेका नक्छुङ, मुन्धुम, थिबिया चरो, सिम्मा आदिले किरात जातिको इतिहास, संस्कृति, मिथकलाई जनाउँछन् । यस्ता बिम्बहरूको प्रयोगबाट जातीय अधिकार र पहिचानको वकालत गरिएको पाइन्छ ।

विष्णु राई खियामाको नीलो आकाश (२०६८) सङ्ग्रहमा सङ्गृहीत 'नाच' शीर्षक कवितामा लेख्छन् :

नाइट क्लबको भाषा म जान्दिनँ
फिलिमका सस्ता नृत्य पनि बुझ्दिनँ
बुझ्छु फगत तयामाको पहिलो शिली

जान्दछु हेत्छाकुप्पाको पहिलो सङ्गीत (पृ ३५)

यसमा प्रयुक्त तयामा, शिली, हेत्छाकुप्पा किरात मिथकसँग सम्बन्धित बिम्ब हुन् । त्यसरी नै उनले यस कृतिमा पारुहाङ, सुम्निमा, खियामा, गोल्माराजा, गोल्मारानी आदि किरात लोकआख्यानका पात्र, नोक्छौं, कचुर काट्ने सन्दर्भ, साकेवा नाच आदि किरात संस्कृतिका विषय, लिम्दे, खुसे, कोपा आदि किराती नाताबोधक शब्द आदिको प्रयोग गरेका छन् । यस्तो प्रयोगबाट किराती सभ्यताप्रतिको आस्था र गौरवबोध गरिएको छ ।

गीतकार टीका चाम्लिङको मुन्दुम र मालिङ्गो (२०७१) गीत सङ्ग्रहका गीतहरूमा जातीय बिम्बहरूको प्रयोगमार्फत जातीय गौरव गरिएको पाइन्छ । 'आदिम पहाड' शीर्षकको गीतमा उनी लेख्छन् :

म आदिम पहाड

लाइरहेछु शिरमा

आकाशको सिकुम

गाइरहेछु खोला जस्तो

जीवनको मुन्दुम (पृ. १३)

टीका चाम्लिङ आफ्ना गीत मार्फत किरात संस्कृतिप्रति गर्व गर्छन् र आफ्नो संस्कृति सधैं फल्ने फुल्ने विश्वास राख्छन् । उसको यस कृतिमा सिकुम, हुर्चुम, दिछुम, साकेला, माङ, मालिङ्गो, थिबिया, नाना, पारुहँ, सुम्निमा, तयामा, खियामा, तयाचुङ, जायजुम, रिसिया, होवा, सिलिचुङ, चोमोलुङ, बिनायो, सिली,उँभौली, खुसे, उँधौली, नाइमा, सिमे-भुमे, आङ्गी, पाङदेन, माङखिम जस्ता किरात बिम्बको प्रयोग गरिएको छ । यी बिम्बहरूको माध्यमबाट कवि आफ्नो जातीय इतिहास र सभ्यताप्रति गर्व गर्छन् र आफ्नो जातीय पहिचान कायम राख्नुपर्छ भन्ने आग्रह गर्छन् ।

कवि चन्द्र रानोहँछाको पछिल्लो कविता कृति थिबिया चराको गीत (२०७१) मा रहेका कवितामा समकालीन नेपालको सामाजिक, राजनीतिक, सांस्कृतिक विषयहरूका साथै जनजातीय पहिचान र त्यसप्रति गौरव गरिएको पाइन्छ । 'न्हेलु' शीर्षक कविताको एउटा अंश :

गोलपा राजा-गोलमा रानीको बिहेमा

मुन्दुम पढ्दा पढ्दै

अचानक

हुरी चलेर आगो निभेपछि

ढुङ्गा देवता भए

र आजसम्म देउतालाई

फूल चढाइरहेछन् मानिस

आऊ हामीचैं प्रेम चढाऔं (पृ. ५६)

किरात जातिमा गोल्मा राजा र गोल्मा रानीको मिथक लोकप्रिय रहेको छ । यसमा प्राचीन समयमा नेपालमा किरात राजाहरू शासन गर्थे र कालान्तरमा उनीहरूको राज्य खोसिएको सन्दर्भ उल्लेख गर्दै त्यसप्रति प्रेम गर्नुपर्छ भन्ने भाव यहाँ व्यक्त गरिएको छ ।

## इतिहासको पुनर्लेखन

जनजातीय बिम्बको प्रयोगको अर्को प्रयोजन नेपाली इतिहासको लेखनमा पुनर्विचार र पुनर्लेनको आग्रह पनि रहेको देखिन्छ । समकालीन नेपाली कवितामा नेपाली इतिहास एकपक्षीय भएको भन्दै त्यसको पुनर्लेखनको आवश्यकता औंल्याइएको पाइन्छ । जनजातीय बिम्बको प्रयोगका प्रयोजनका सन्दर्भमा पनि यस्तो प्रयोग पाइन्छ ।

'रामप्रसाद २००८' शीर्षक कवितामा कवि भूपाल राई लेख्छन्:

नौलाख जराको केन्द्रदेखि
सम्पूर्ण मुक्तिको रातो भाग
मेरै रगतले बगेको कुरा
उनीहरूले चाल पाएका छन्
र मेरो लामो दुरीको अभियानलाई
घाँटी निमोठ्न
सुनकोशीको मुक्त आकाशमाथि
उनीहरूले चिलगाडी उडाएका छन् (राई, इ. २०१५, पृ. ८५)

रामप्रसाद राई राणा शासनविरुद्धको विद्रोहमा पूर्वी नेपालको किरात क्षेत्रका कमान्डर हुन् । उनलाई उद्धृत गर्दै यसमा नौलाख जराको केन्द्र भनेर नौलाख किरातीको मुख्य भूमिलाई सङ्केत गरिएको छ ।

कवि अर्जुन खालिङ बाटो शीर्षक कवितामा लेख्छन्
देशको बाटो अझै
पुरातन र घुमाउरो भइरहेछ
उत्खनन जरुरी छ
आविष्कार आवश्यक छ
नयाँ नयाँ बाटाहरूको (खालिङ, २०७१, पृ. ३१) ।

यसले नेपालको इतिहास एक पक्षीय छ र जनजातीय कोणबाट इतिहासलाई नयाँ ढङ्गले लेख्न आवश्यक छ भन्ने देखाउँछ ।

नेपालको राजनीतिक इतिहास मात्र होइन, नेपाली साहित्यको इतिहास पनि एक पक्षीय छ, यसलाई अर्को तरिकाले लेख्न आवश्यक छ भन्ने आग्रह पनि कविहरूमा पाइन्छ । नेपाली कविताको प्रचलित परम्पराप्रति असन्तुष्टि र त्यसमा परिवर्तन गर्नुपर्ने आग्रह देखिन्छ । नेपाली साहित्यले जनजातीय इतिहास, विशेषता र पहिचानलाई लेख्न नसकेको र अब त्यसलाई लेख्नुपर्ने आवश्यकता ओल्याउँदै इतिहासको पुनर्लेखनप्रतिको आग्रहका लागि पनि समकालीन नेपाली कवितामा जनजातीय बिम्बको प्रयोग गरिएको देखिन्छ ।

## जनजातीय सौन्दर्यशास्त्रको स्थापना

जनजातीय बिम्बको प्रयोग गर्ने समकालीन कविहरूले जनजातीय सौन्दर्यशास्त्रको स्थापना गर्ने आग्रह पनि गरेको पाइन्छ । कतिपय कविहरूले कविता कृतिको भूमिकामा पनि यस कुरालाई उठाएको पाइन्छ । कतिपय कविले आफ्नो कविता कृतिको नामसँग सौन्दर्य जोडेबाट यसको पुष्टि हुन्छ, जस्तैः भूपाल राईको कविता कृति सीमान्त सौन्दर्य, अर्जुन खालिङको कविता कृतिको नाम गोयाङको सौन्दर्य आदि । सीमान्त सौन्दर्य कविता सङ्ग्रह (२०६७) को भूमिकामा कवि भूपाल राईले नेपाली शासन व्यवस्थाबाट पीडितहहरूको छुट्टै सौन्दर्य शास्त्र हुन्छ र त्यो शास्त्रको प्रारूप नै प्रस्तुत सीमान्त सौन्दर्य नामक कविता सङ्ग्रह हो भन्ने दाबी गरेका छन् ।

रक्ष राईको सालिक उभिएर गोर्खाली (२०६५) कविता सङ्ग्रहमा सङ्गृहीत 'खोलिबुङको सौन्दर्यचेत÷ कवितामा जनजातीय संस्कृति, परम्परा र सौन्दर्य चेतनालाई आधुनिकताले उपेक्षा गरेको भन्ने विषयमा केन्द्रित छ । जनजातीय सौन्दर्यशास्त्रको आवश्यकताका बारेमा उनले लेखेका छन् :

साकेला, च्याब्रुङ, सेलो, घाटु र सोरठी खेल्दा
खसेका प्वाँखहरू यिनै हुन्
किन सुहाउँदैन जङ्गली सङ्गीत यो आधुनिक गीतमा
साला, फुटेको ढोल र चर्केको झ्याम्टा यो एकबारको जुनी

सै ढोले सै सै
सै ढोले सै सै (२०६५, पृ. ३१) ।

यहाँ नेपालका विभिन्न जनजातिका सांस्कृतिक पर्वका बिम्बको प्रयोग गरिएको छ । यहाँ साकेला, च्याब्रुङ, सेलो, घाटु र सोरठी र यस्ता पर्वमा प्रयोग हुने चराका प्वाँख, ढोल, झ्याम्टा आदि बिम्बको प्रयोग मार्फत जनजातिको सौन्दर्य उपेक्षित छ भनिएको छ । जनजातीय सौन्दर्यको रक्षा गर्नुपर्छ भन्ने यसको आशय देखिन्छ ।

भोगेन एक्लेको विरुध्दमा (२०६७) कविता सङ्गहमा समाविष्ट कविताहरूमा नेपाली कवितामा हिन्दु बिम्ब प्रतमीक र मिथकहरूको मात्र प्रयोग गरिएकोमा आक्रोश व्यक्त गर्छन् र जनजातिकै अलग्गै सौन्दर्यशास्त्रको आवश्यकता औंल्याउँछन्। राम, सीता, शकुनी, गीता आदिका कथामा अल्झिएको नेपाली साहित्यमा नेपालका विभिन्न जातिका कथा लेखिनुपर्छ भनिएको छ, कवि लेख्छन् :

अब मलाई देऊ कलम
मैले लेख्नु छ मेरो मुन्दुम
मेरो थुथुरी वेद लेख्नु छ मैले
ओडारको कापबाट लेखोट टिप्नु छ
वाबु, वासो, तीनचुल्हाको काव्य लेख्नु छ
ढोल, झ्यामटा र साकेलाको कहिरन लेख्नु छ (पृ. ३) ,

भूपाल राईको 'सीमान्त सौन्दर्य' (२०६७) कविता सङग्रहमा समाविष्ट अधिकांश कवितामा किराती सौन्दर्यशास्त्रको विषयलाई उठाइएको पाइन्छ । 'वृत्तान्त कक्टेल वार्ता' शीर्षक कविताको निम्नलिखित अंश हेरौं :

गोलोगोलो गहुँगोरो
समाजशास्त्रीय आँखामा बाटुलो प्रजातिको
प्रचलित दर्शनशास्त्रको टाँगोले पटक्कै नछोएको
अन्तिम प्यागको घोडा चढेर हेर्दा
झन्डै लुसुनको छाँट परेको
सरकारी दायराभन्दा मुनि
मुस्किलले ५, ३ को
छापाहरूमा अचेल
आईएलओ १६९ भनेर जो छापिन्छ नि
त्यही आँकडाको
त्यही अनुहारको (पृ. १५)

यस कवितांशले परम्परित सौन्दर्य चेतनाले जनजातीय इतिहास, पहिचान, विश्वास र समग्रमा भन्नुपर्दा उनीहरूको सौन्दर्य चेतनालाई सही तरिकाले बुझाउन सक्तैन र त्यसका लागि छुट्टै जनजातीय सौन्दर्यशास्त्रको आवश्यकता छ भन्ने कुराको सङ्केत गरेको छ ।

उल्लिखित साक्ष्यहरूका आधारमा हेर्दा समकालीन नेपाली कविहरूले जनजातीय बिम्बको प्रयोगमार्फत नवीन सौन्दर्यशास्त्रको खोजी गर्न चाहेको देखिन्छ । परम्परित सौन्दर्यमूल्यका आधारमा मात्रै जनजातीय यथार्थको सही प्रतिबिम्बन हुँदैन भन्ने उनीहरूको बुझाइ देखिन्छ ।

## निष्कर्ष

समकालीन कवितामा जनजातीय बिम्बको प्रयोगको मुख्य प्रयोजन यथार्थको प्रतिबिम्बन रहेको पाइन्छ । जनाजातीय संस्कृति, इतिहास, मूल्य, मान्यता आदिको यथार्थ चित्रण गर्ने, शोषित तथा सीमान्त वर्गका मानिसले भोगेको यथार्थ देखाउने र जनजातिको मौलिक संस्कृति र पहिचान हराएको विषयलाई उजागर गर्नका लागि जनजातीय बिम्बको प्रयोगलाई जोड दिइएको देखिन्छ । यसैगरी जातीय उत्पीडनबाट मुक्तिको उद्घोषका लागि जनजातीय बिम्बको प्रयोग गर्ने प्रवृत्ति पाइन्छ । जनजातिहरूले आफूमाथिको उत्पीडन भएको थाहा पाएको, उनीहरूले शासकहरूलाई मन पराउन छाडेको र विद्रोहको भावना जागृत भएको छ भन्ने देखाउन जनजातीय बिम्बको प्रयोग हुने गरेको देखिन्छ । आफ्नो जाति, भाषा, संस्कृति, सभ्यताप्रतको गौरवबोध र प्रचारका लागि पनि जनजातीय बिम्बहरूको प्रयोगमा जोड दिने गरिएको देखिन्छ । नेपाली इतिहासको लेखनमा पुनर्विचार र पुनर्लेनको आग्रह पनि रहेको देखिन्छ।

## सन्दर्भ सूची

एटम, नेत्र.(२०७४). सङ्क्षिप्त साहित्यिक शब्दकोश. काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

किराती, भोगेन एक्ले.(२०६७). विरुद्धमा. हङकङ : सिर्जनशील साहित्य समाज ।

खालिङ, अर्जुन.(२०७१). गोयाङको सुगन्ध. काठमाडौं : चिन्डो बुक्स ।

गौतम, लक्ष्मणप्रसाद.(२०६८). समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण. दोस्रो संस्करण. ललितपुर : साझा प्रकाशन ।

चाम्लिङ, टीका.(२०७१). मुन्दुम र मालिङ्गो. काठमाडौं : उर्मिला राई, तेज राई, निलम राई ।

तामाङ, परशुराम.(२०६२). जनजाति राष्ट्रवाद. काठमाडौं : प्रगति पुस्तक सदन ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने र केशव सुवेदी.(२०६०). नेपाली कविता भाग ४. चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

नारथुङ्गे, इन्द्र.(सन् २०१०). सिम्माको नाममा नयाँ चिट्ठी. अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

मुक्तान, थेवा.(२०७५). अखण्ड अलाप. काठमाडौं : साङग्रिला पुस्तक प्रा. लि. ।

भोगेन एक्ले, (२०६७).विरूद्धमा. सृजनशील साहित्य समाज हङकङ ।

राई, भूपाल (२०६७). सीमान्त सौन्दर्य. काठमाडौं : दुर्गा राई ।

राई, भूपाल.(सन् २०१५). आगोले जन्मोत्सव मनाउँदैन. काठमाडौं : चिन्डो बुक्स ।

राई, भूपाल.(२०७६). सेवान्ने जिन्दगी. हङकङ : एम सिक्स सोसाइटी ।

राई, रक्ष.(२०६५). सालिक उभिएर गोर्खाली. बेलायत : नेपाली प्रतिभा प्रतिष्ठान ।

राई, विष्णु.(२०६८). खियामाको नीलो आकाश. काठमाडौं : रावासावा प्राज्ञिक ।

राई, वीरेन्द्र.(२०६७). सादङ्गी फूल. विराटनगर : वाणी प्रकाशन ।

रानोहँछा, चन्द्र.(२०७१). थिबिया चराको गीत. बेलायत : नेपाली प्रतिभा प्रतिष्ठान ।

रावत.(२०७०). राजधानी मास्तिरको राजधानी. काठमाडौं : फिनिक्स बुक्स ।

रेग्मी, रामराज.(२०६६). राष्ट्रिय पहिचानका मूल मुद्दाहरू. पोखरा : संचेतना परिवार ।

लुइटेल, खगेन्द्रप्रसाद.(२०६२). कविताको संरचनात्मक विश्लेषण.काठमाडौँ :विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, बिन्दु.(२०७५) . ओक्कल दोक्कल पिपल पात. काठमाडौँ :शिखा बुक्स ।

शर्मा, मोहनराज.(२०५५). समकालीन समालोचना सिद्धान्त र प्रयोग . काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शाह, निभा.(२०७२). मनसरा. काठमाडौँ : सुशिला शाह ।

सिलवाल, केशव.(२०६६). धारिला मानिसहरू. काठमाडौँ अखिल नेपाल लेखक सङ्घ ।

सुब्बा, उपेन्द्र .(२०७०). खोलाको गीत र पुराना कविताहरू. काठमाडौँ : फिनिक्स बुक्स ।

हाङयुग अज्ञात.(२०७१). करङको हिरासत. काठमाडौँ : फिनिक्स बुक्स ।